# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७३।०६।०९ गते

## प्रेस विज्ञप्ति

**विषय : सोसल साइन्स वहाः समेतमा भएको अनियमितता सम्बन्धमा।**

---

सोसल साइन्स वहा र सो संस्थासंग आवद्ध एलायन्स फर सोसल डाइलग नामक संस्थाले समाज कल्याण परिषदका पदाधिकारी समेतको मिलेमतोमा विदेशी दाताहरुबाट प्राप्त करोडौं रुपैयाँ दुरुपयोग गरेको भन्ने समेतको उजुरी उपर छानविनका क्रममा एलायन्स फर सोसल डाइलग नामक संस्थाको दर्ता र उक्त संस्थाले सोसल साइन्स बाहा मार्फत प्राप्त गरेको रकमको विषयमा समाज कल्याण परिषदबाट कागजातहरु माग गर्दा सम्पूर्ण कागजपत्र उपलव्ध नभएको र विगत पांच बर्षका कागजपत्रहरु प्रारम्भिक रुपमा छानविन गर्दा सोसल साइन्स बाहा नामक संस्था मिति २०६३/१०/१ मा संस्था दर्ता ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय, ललितपुरमा दर्ता भएको, मिति २०६३/१०/१० मा समाज कल्याण परिषदसंग आवद्धता भएको र सोसल साइन्स बाहामा निर्मलमान तुलाधर अध्यक्ष, बसन्त थापा उपाध्यक्ष, डा. सुधिन्द्र शर्मा महासचिव, मोहन मैनाली कोषाध्यक्ष, निर्मल ज्ञवाली सदस्य र कनक दिक्षीत सदस्य रहेको पाईयो । "एलाइन्स फर सोसल डाइलग" नामको संस्थाको कार्यकारी समितिको अध्यक्षमा सुशिलराज प्याकुरेल र सदस्यहरुमा अमुदा श्रेष्ठ, बिमला राई पौडेल, हिरालाल बिश्वकर्मा, मुक्ता सिंह लामा, शशि अधिकारी, सुरेन्द्र लाभ कर्ण रहेको तथा संस्थामा निर्देशक हरि शर्मा सहितका अन्य कर्मचारीहरु समेत रहेको देखियो। यद्यपि एलाइन्स फर सोसल डाइलग नामक संस्था भने नियम अनुसार दर्ता भएको देखिएन ।

सोसल साइन्स बाहा र 'एलाइन्स फर सोसल डाइलगले Foundation open Society Institute, Ford Foundation New York, Association for Nepal & Himalayan, Open Society Institute, USA, The World Bank, USA, Swiss Federal Department of Foreign Affairs, The University of Edinburg, Overseas Development Institute , UK, Foundation to promote open society in collaboration with open society institute, The centre for inclusive growth for Nepal, Goldsmiths Yale Department of Anthropology USA, Enabling program SNV Netherland Development foundation, open society goldsmiths university of London, International Centre for integrated mountain development lalitpur, London School of Hygiene and Tropical Medicine UK, Center for international forestry research Indonesia, The university of Edinburgh, Scotland, Panos South Asia, Nepal, Asian Development bank, Philippines, Aakar, India, eIFL, net, Kathmandu, Future Generations, Humanity united USA बाट स्थापनाकाल देखि हालसम्म ४७ करोड ९१ लाख भन्दा बढी रकम प्राप्त गरेको लेखा परीक्षण प्रतिवेदन समेतबाट देखिएको छ । यसरी प्राप्त रकम मध्ये विगत ५ वर्षमा एलाइन्स फर सोसल डाइलग र सोसल साइन्स बाहाले रु. २९ करोड २० लाख रकम खर्च गरेको र सो मध्ये एलाइन्स फर सोसल डाइलगले मात्र १३ करोड रुपैंया भन्दा बढी रकम खर्च गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ ।

गैरसरकारी संस्थाको अनुगमनको जिम्मेवारी तोकिएको समाज कल्याण परिषदले नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा आ.व. २०६७/०६८ र २०६९/०७० को अनुगमन गरेको भए पनि संस्थामा देखिएको अनियमितता नियन्त्रणका लागि ठोस कारवाही र निर्देशन गरेको नदेखिंदा दर्ता नै नभएको संस्थालाई सोसल साइन्स बाहाले विगत ५ वर्षमा रु.१३ करोड भन्दा बढी रकम कुन ऐन, नियम र विधान अनुसार दिएको हो सो विषयमा छानविन गर्न

समेत वाञ्छनीय देखिएकोले समाज कल्याण परिषद ऐन, २०४९ र समाज कल्याण परिषद नियमावली, २०४९ तथा प्रचलित ऐन, नियम अनुसार रकम दुरुपयोग भए नभएको लगायतका विषयमा थप अनुसन्धान तथा छानविन गरी कानून बमोजिम गर्न गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१) को (ख) र (ग) बमोजिम समाज कल्याण परिषदलाई लेखी पठाउने तथा संस्था दर्ता ऐन, २०३४ को दफा १२ को उपदफा (४) बमोजिम सम्बन्धित स्थानीय अधिकारीले गैरसरकारी संस्थाको नियमन तथा गैरकानूनी तवरले संचालित संस्थाको खारेजी गर्नसक्ने समेतको व्यवस्थालाई दृष्टिगत गरी माथि उल्लिखित विषयमा थप अनुसन्धान तथा छानविन गरी कानून बमोजिम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१) को (ख) र (ग) बमोजिम जिल्ला प्रशासन कार्यालय, ललितपुरमा लेखी पठाउने र सो को जानकारी नेपाल सरकार गृह मन्त्रालयमा दिई समाज कल्याण परिषद मार्फत प्राप्त हुन आएका उक्त संस्थासंग सम्वन्धित सम्पूर्ण कागजातहरु जिल्ला प्रशासन कार्यालय, ललितपुरमा पठाउने निर्णय भए बमोजिम सम्बन्धित निकायहरुमा लेखी पठाईएको छ ।

उक्त गैहसरकारी सस्था बाट भए गरेको खर्चको बिवरण निम्नानुसार रहेको छ ।

| सि.नं. | खर्च शिर्षक | एलाइन्स फर सोसल डाइलग | सोसल साइन्स बाहा | जम्मा खर्च रकम |
|---|---|---|---|---|
| १ | होटल खर्च | रु.२,०७,२८,२४३।- | रु.२८,६६,६९४।- | रु.२,३५,९४,९३७।- |
| २ | स्वेदश तथा विदेश भ्रमण खर्च | रु.२,५७,७८,५३७।- | रु.५०,७६,६०२।- | रु.३,०८,५५,१३९।- |
| ३ | तलबभत्ता | रु.३,५१,०६,४९१।- | रु.७,९८,९२,०५१।- | रु.११,४९,९८,५४२।- |
| ४ | वैठक भत्ता | रु.४०,७८,९०६।- | - | रु.४०,७८,९०६।- |
| ५ | मदिरा सेवन पिकनिक लगायतमा | रु.१७,९६,८०७।- | रु.२२,६५,३७३।- | रु.४०,६२,१८०।- |
| ६ | घरभाडामा | रु.१२,२५,०००।- | रु.५५,०७,०६४।- | रु.६७,३२,०६४।- |
| ७ | बैंकको व्याजमा | - | रु.१५,५४,४४०।- | रु.१५,५४,४४०।- |
| ८ | छपाई तथा मसलन्दमा | रु.१९,०५,११३।- | रु.११,९०,६९९।- | रु.३०,९५,८१२।- |
| ९ | मर्मत तथा सम्भारमा | - | रु.३५,१०,३४०।- | रु.३५,१०,३४०।- |
| १० | कर्मचारीको क्षमता अभिवृद्धिमा | रु.५,१५,२११।- | रु.७,२८,७०६।- | रु.१२,४३,९१७।- |
| ११ | डेकोरेशन, सामान खरिद लगायतमा खर्च | रु.३७,४५,८०९।- | रु.४,०६,३२,३०६।- | रु.४,४३,७८,११५।- |
| १२ | बिजुली बत्ति तथा संचारमा | रु.५,४५,२५९।- | रु.२६,६१,७७३।- | रु.३२,०७,०३२।- |
| १३ | विषय विज्ञ, सहजकर्ता, परामर्श, अनुसन्धान तथा संचार माध्यममा | रु.२,४४,६३,७२९।- | रु.५१,७१,५१०।- | रु.२,९६,३५,२३९।- |
| १४ | विभिन्न संस्थाहरुलाई कार्यक्रम वापत सोधभर्नामा | रु.२१,२५,५३०।- | - | रु.२१,२५,५३०।- |
| १५ | बील भरपाई विनाको खर्च | - | रु.५,९३,२००।- | रु.५,९३,२००।- |
| १६ | प्रयोजन नखुलाइएको खर्च | रु.१,२८,१६,५३२।- | - | रु.१,२८,१६,५३२।- |
| १७ | विविध खर्च | रु.१६,८८,८१५।- | रु.३८,७०,९२३।- | रु.५५,५९,७३८।- |
| जम्मा | | रु.१३,६५,१९,९८२।- | रु.१५,५५,२१,६८१।- | रु.२९,२०,४१,६६३ ।- |

@CIAANepal

FIGHT AGAINST CORRUPTION

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी